नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २१३ २०७९ साल चैत १२ गते आइतबार (26 Mar. 2023 Sunday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : छोरीभन्दा छोरा धेरै ... ३ पृष्ठमा : न्यूनपोषण र अधिक पोषणको ... ३ पृष्ठमा :भारतको आवज विश्वभर ...

# दाहसंस्कारको तयारी भइरहेका बेला बालकले शरीर हल्लाएपछि पाए नयाँ जिवन

**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ६ का १२ वर्षिय एक बालकको मृत्यु भएको विश्वास गरी दाहसंस्कारको तयारी भइरहेका बेला अचानक शरीर हल्लिएको देखेर उपचारका लागि अस्पताल पुऱ्याउँदा लामो उपचार पछि नयाँ जीवन पाएका छन् ।



अत्यन्त गरीब परिवारका स्थानिय १२ वर्षिय बालक अजय मण्डललाई वडाअध्यक्ष तेजनारायण यादवले गत कार्तिक छठ पुजा कै दिन गम्भिर अवस्थामा ल्याएको अस्पतालका स्वास्थ समन्वयकर्ता दिपेन्द्र यादवले बताए ।

राजविराजस्थित छिन्नमस्ता अस्पतालमा विगत ६ महिनादेखि उपचार भइरहेको उनको स्वास्थ अवस्थामा अहिले ९० प्रतिशत सुधार भएको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन् । सो अस्पतालमा आवश्यक स्वास्थ्य परिक्षण पश्चात जापनिज इन्स्फेलाइटिस रोग पत्ता लगाएका डा. मुकुन्द देव र डा. माधव देवले आईसियुमा राखेर उनको उपचार शुरु गरेका थिए ।

उपचारका लागि ल्याउँदा श्वासप्रश्वासमा समस्या, हात खुट्टा शिथिल तथा अचेत अवस्थामा रहेका अहिले उनी बोल्न र सामान्य हिडडुल गर्न सक्ने अवस्थामा समेत पुगी सकेका छन् ।

बालक अजयको मृत्यु भएको र अन्तिम संस्कारका लागि लैजाने तयारी हुँदै गरेको अवस्थामा पुगेका वडाअध्यक्ष यादवले बालकको शरीर अचानक चल्न थालेको देखेपछि उनकै पहलमा अस्पताल ल्याएर भर्ना गरिएको थियो ।

वडा अध्यक्ष यादवले घटना सम्झिदै भने "छठ पर्वको दिन थियो, टोलमा अजयको मृत्यु भयो भनी हल्ला चलेपछि हतार हतार उसको घर पुगेको थिए, त्यहाँ अन्तिम संस्कारको तयारी हुँदै थियो ।" अचानक आंगनमा राखिएको अजयको शरीरमा हलचल देखिएपछि परिस्थिति नै अर्को भयो उनले भने ।

भिक्षा मागेर दुई सन्तानको लालन पालन गर्दै आएकी आमा नर्मदा देवी भन्छीन्- छोराको अवस्थामा धेरै सुधार आएको छ । मरेको ठानेको छोरा निको हुन लागेको देख्दा निकै खुशी लागेको छ ।

दैनिक ज्याला/मजदुरी गर्दै आएका बालक अजयका बुवा फिरंगी मण्डलको दुई वर्ष अघिनै निधन भइसकेको छ । अस्पतालले परिवारको आर्थिक अवस्था कमजोर देखेर अहिलेसम्म उपचार खर्च वापत ताकेता गर्न नसकेको र मानवीय संवेदनशीलताका कारण चिकित्सक र नर्सहरुले उपचारलाई निरन्तरता दिएको अस्पतालका संचालक शैलेन्द्र मोहन झाको भनाइ छ ।

अस्पतालका स्वास्थ्य समन्वयकर्ता दिपेन्द्र यादवले बालक अजयको उपचारमा अहिलेसम्म औषधी समेत गरी १२ लाख रुपैयाँ अस्पतालको लगानी भइसकेको बताए ।

उनले औषधीहरु महँगो

***बाँकी अन्तिम पृष्ठमा***

# सप्तरीमा बढ्दै आत्महत्याका घटना

**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

सप्तरी जिल्लामा आत्महत्याका घटना बढ्दै गइहरेको छ । यस्ता घटना न्यूनिकरणका लागि प्रहरीले सचेतना अभियान चलाई रहेका बेला पनि आत्महत्याका घटना भने रोकिएको छैन ।

पछिल्लो पटक शनिवार जिल्लाको छुट्टाछुट्टै स्थानमा एक ३२ वर्षिया महिलाले झुण्डिएर आत्महत्या गरेकी छिन भने एक ७५ वर्षिय वृद्धले विषादी सेवन गरी आत्महत्याको प्रयास गरेका छन् ।

योसँगै जिल्लामा २ महिनाको अबधिमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या १७ पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कले देखाएको छ ।

प्रहरीका अनुसार विष्णुपुर गाउँपालिका ३ मुसहरी टोलमा विहान ६ बजेतिर ३२ वर्षिया ममता मरिकले आफ्नै कोठामा साडीको पासो लगाई झुण्डिएर आत्महत्या गरेकी छिन । उनको मृत शरिर पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाको खडक नगरपालिका-८ विसनपुर टोल बस्ने ७५ वर्षिय बृद्ध हजिरा मोती रहमान मियाँले तरकारी खेतीमा किरा मार्न प्रयोग गरिने सुपरकिलर नामक विषादी सेवन गरी आत्महत्याको प्रयास गरेका छन् ।

उनको गम्भिर अवस्थामा छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ । दुवै घटनाको कारण भने खुल्न नसकेको र यसबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# छिमेकीको घरमा आगजनी गरि तीन जना फरार

**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

सप्तरीको सुरुङ्गा नगरपालिका ९ बैरबोनामा आफ्नै छिमेकीको घरमा आगजनी गरी तीन जना फरार भएका छन् ।

शनिवार बिहान रमानन्द

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय

### राजश्व संकलनमा ध्यान पुगोस्

मधेशको विभिन्न जिल्लाहरुमा खुल्ला सीमा नाकाका कारण राजश्व संकलनमा कमी आएको छ । भन्सार छलेर तस्करहरुले सामानहरु भित्रायाउने कार्यप्रति कडाई गर्नु आवश्यक छ । सुरक्षाकर्मी तथा भन्सार कार्यालयले यसप्रति निगरानी बढाउनु पर्ने देखिन्छ । तस्करहरु रातीको समयमा भारतबाट नेपाल र नेपालबाट भारत सामान ओसारपोसार गर्ने गरेका छन् । मधेशका अधिकांश जिल्ला भारतको बिहार राज्यसँग टाँसिएको छ । बिहार सरकारले मदिरा बिक्रि बितरणमा पूर्णरुपले रोक लगाएको अवस्थामा अहिलेको नेपालबाट भारत सबैभन्दा बढी मदिराको तस्करी हुने गरेको छ । यस बाहेक तस्करहरुले साइकल, मोटरसाइकल तथा हातहातै पनि मदिरा पारी पुर्‍याउने गरेका छन् । मदिरा बिहारमा बढी मुल्यमा बिक्रि समेत हुने गरेकाले साना ठूलो सबै तस्करहरु यसमै केन्द्रित छन् ।

यस बाहेक भारतमा बढी मुल्यमा बिक्रि हुने सामानहरु नेपालबाट तस्करी समेत हुने गरेको छ । तर, सीमानाकामा तैनाथ सुरक्षाकर्मी समेतलाई प्रलोभनमा पारेर तस्करहरुले राजश्व छल्दै आफ्नो व्यापार फस्टाउँदै गर्दा पनि सम्बन्धीत निकाय मौन छ ।

तसर्थ यस्ता गतिबिधीलाई कडाइका साथ सम्बन्धीत निकाय, स्थानिय प्रहरी प्रशासन तथा स्थानिय पालिका समेतले गम्भिरतापूर्वक अनुगमन र निरिक्षण गरि राजश्व संकलनतर्फ ध्यान केन्द्रित गर्नुपर्ने अहिले आवश्यकता रहेको छ ।

# छोरीभन्दा छोरा धेरै जन्मिए

काठमाडौं, ११ चैत (रासस) ।

नेपालमा छोरीभन्दा छोरा बढी जन्मिएको पाइएको छ । शुक्रबार सार्वजनिक गरिएको राष्ट्रिय जनगणनामा छोरा ५२ दशमलव आठ प्रतिशत र छोरी ४७ दशमलव तीन प्रतिशत जन्मिएको पाइएको हो ।

जनगणनाअनुसार एक वर्षको बीचमा कूल चार लाख १२ हजार नौ सय ३५ जना बच्चा जन्मिएका थिए । तीमध्ये दुई लाख १८ हजार ७४ जना छोरा र एक लाख ९४ हजार आठ सय ६१ छोरी जन्मिएका थिए । जनगणनाअनुसार १० वर्षमा १५-४९ वर्षका कूल ६१ लाख ४५ हजार ३९ विवाहित महिलाले हालसम्म एक करोड २७ लाख ९९ हजार ९६९ बच्चा जन्माएका छन् । नेपालमा १५-४९ वर्षका विवाहित महिलामध्ये १२ प्रतिशतले कुनै पनि जीवित बच्चा नजन्माएको पाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार ६१ लाख ४५ हजार ३९ जना विवाहित महिलामध्ये १२ प्रतिशतले बच्चा नजन्माएको पाइएको छ भने दुई जना जीवित बच्चा जन्माएका महिलाको सङ्ख्या सबैभन्दा बढी ३३ प्रतिशत छ । एक जनामात्र जीवित बच्चा जन्माउने विवाहित महिला २३ दशमलव एक प्रतिशत छन् भने नौ वा सोभन्दा बढी जीवित बच्चा जन्माउने महिला शुन्य दशमलव एक प्रतिशत छ । जीवित जन्मेका बच्चाहरुमध्ये तीन दशमलव दुई प्रतिशतको मृत्यु भएको पाइएको छ ।

राष्ट्रिय जनगणनामा धेरैजसो व्यक्तिहरु ३४ दशमलव चार प्रतिशतको पहिलो विवाह १८ देखि २० वर्षको उमेरमा भएको पाइएको छ भने दोस्रोमा १५ देखि १७ वर्षको उमेरमा पहिलो विवाह हुने व्यक्तिहरु २२ दशमलव तीन प्रतिशत छन् ।

**दश वर्ष मुनि शून्य दशमलव तीन प्रतिशतको विवाह**

राष्ट्रिय जनगणनामा १० वर्षमुनि उमेरमा पहिलो विवाह भएका व्यक्तिहरु शुन्य दशमलव तीन प्रतिशत छन् । यसैगरी १०-१४ वर्ष उमेरमा पहिलो विवाह हुनेहरु सात प्रतिशत छन् । समग्रमा पहिलो विवाह गर्दाको औसत उमेर १९ वर्ष हुन आउँछ । जसमा पुरुषको २१ वर्ष र महिलाको १८ वर्ष छ ।

**मातृ मृत्युदर १५१ मा**

यसैगरी कूल प्रजनन उमेर समूह (१५-४९ वर्ष) का १२ हजार नौ सय ७६ महिला मृत्युमध्ये छ सय ५३ जना (पाँच प्रतिशत) को मृत्यु गर्भावस्थासँग सम्बन्धित रहेको छ । तीमध्ये छ सय २२ जना (९५ प्रतिशत) को मृत्यु मातृमृत्युसँग सम्बन्धित रहेको जनगणनामा जनाइएको छ ।

उक्त उमेर समूहबाट कूल चार लाख १२ हजार नौ सय ३५ जना जीवित बच्चाको जन्म भएको देखिएको छ । जसअनुसार मातृमृत्यु दर एक सय ५१ जना ( प्रति लाख जीवित जन्ममा) रहेको नतिजाले देखाएको छ ।

# गृहमन्त्रालयका २५अधिकारीको सरुवा

काठमाडौं, ११ चैत (रासस) ।

गृह मन्त्रालयले २५ जना अधिकारीको सरुवा गरेको छ । अतिरिक्त समूहमा रहेका१४ सहसचिव तथा उपसचिवलाई प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी तथा मातहतका निकायमा सरुवा गरिएको हो ।

सरुवा हुनेमा १४ राजपत्राङ्कित प्रथम श्रेणी ( सहसचिव) सहित रहेका छन् । गृह सचिव विनोदप्रकाश सिंहका अनुसार मन्त्रालयले अतिरिक्तमा रहेका ११ सहसचिवको पदस्थापन र तीनजनाको सरुवा गरेको छ भने ११ जना सहसचिवको विभिन्न निकायमा सरुवा गरेको छ । जसअनुसार सहसचिव रामबन्धु सुवेदीलाई अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौंको प्रमुख अध्यागमन अधिकृतमा पठाएको छ भने त्यहाँका वासुदेव घिमिरेलाई गृह मन्त्रालय वा अन्तर्गत सारिएको छ ।

सहसचिव रुद्रसिंह तामाङलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र महादेव पन्तको आन्तरिक व्यवस्थापन महाशाखा, गृहमा पदस्थापन गरिएको छ । यसैगरी, मेखबहादुर मगरातीलाई जिल्ला प्रशासन कार्यालय पाँचथर, रामकृष्ण अधिकारीलाई लमजुङ, जयकुमार घिमिरेलाई जुम्ला, प्रेमप्रसाद आचार्यलाई पर्वत, कोमलप्रसाद धमलालाई दोलखा, वेदप्रसाद खरेललाई सल्यान, मदन कोइरालालाई प्यूठान र रामकुमार महतोलाई जाजरकोटको प्रमुख जिल्ला अधिकारीमा पदस्थापन गरिएको छ ।

थानेश्वर गौतमलाई धनकुटा र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी सहसचिव अनिता निरौलालाई जिल्ला प्रशासन कार्यालय रामेछापको प्रमुख जिल्ला अधिकारीमा सरुवा गरिएको मन्त्रालयले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय पाँचथरका प्रमुख जिल्ला अधिकारी गणेश गैरेलाई जिल्ला प्रशासन कार्यालय जुम्लाको सहायक प्रजिअ, धनकुटाकी लीलाकुमारी केसी ( पाण्डे) लाई पाँचथरको सप्रजिअ, दोलखाका प्रजिअ शेखर पौड्याललाई जिल्ला प्रशासन कार्यालय इलामको सहायक प्रजिअ, रामेछापका प्रजिअ शोभाखर रेग्मीलाई जिल्ला प्रशासन कार्यालय बैतडीको सहायक प्रजिअमा सरुवा गरिएको छ ।

यसैगरी, जिल्ला प्रशासन कार्यालय लमजुङका प्रजिअ वसन्तराज पुरीलाई सहायक प्रजिअ दोलखा, पर्वतका प्रजिअ चित्राङ्गत बरालला‌ई सप्रजिअ बागलुङ, र बागलुङका प्रजिअ गणेशप्रसाद पौडेललाई जिल्ला प्रशासन कार्यालय पर्वतको सहायक प्रजिअ र प्यूठानका प्रजिअ वेदप्रसाद अर्याललाई जिल्ला प्रशासन कार्यालय रौतहटको सहायक प्रजिअमा सरुवा गरिएको छ ।

गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय सल्यान, जुम्ला र जाजरकोटका प्रजिअहरु क्रमशः कृष्णचन्द्र पौडेल, मुकेशकुमार केशरी र अन्जन न्यौपानेलाई क्रमशः प्यूठान, धनुषा र धनकुटाको सहायक प्रजिअ बनाई पठाएको जनाएको छ ।

# जनधनको क्षतिको छानबिनका लागि समिति गठन

काठमाडौं, ११ चैत (रासस) ।

सरकारले कोशी प्रदेशको नामकरणको विषयलाई लिएर भइरहेको आन्दोलनका क्रममा भएको जनधनको क्षतिको छानबिनका लागि एक समिति गठन गरेको छ ।

सरकारले सहसचिव रामबन्धु सुवेदीको नेतृत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरेको हो । सो आन्दोलनका क्रममा पदम लिम्बूको निधन भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आन्दोलनका कार्यक्रमले सिङ्गो देशको ध्यानाकर्षण गरेको र सो विषयमा संवेदनशील भएको अवस्थामा सडक आन्दोलनका कार्यक्रम छोडेर संवादमा सहभागी बन्न पनि आन्दोलनरत पक्षसँग अपिल गर्नुभएको प्रधानमन्त्रीका स्वकीय सचिव रमेश मल्लले जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालले प्रदेश नामाङ्कन संयुक्त सङ्घर्ष समितिको ब्यानरमा आन्दोलनको नेतृत्व गरिरहेका नेपाल आदिवासी जनजाति महासङ्घ, किरात राई यायोक्खा, किरात याक्थुम चुम्लुङ, नेपाल शेर्पा सङ्घ, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, किरात धर्म तथा साहित्य उत्थान मञ्च लगायतका सरोकारवाला सङ्घसंस्थाका प्रतिनिधिसँग शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा छलफल गर्नुभएको थियो । सो अवसरमा सरकारका तर्फबाट सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार हरिबोल गजुरेल, नेपाल सरकारका मुख्यसचिव शङ्करदास वैरागी र गृहसचिव विनोदप्रकाश सिंह रहनुभएको थियो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले आन्दोलनका क्रममा भएको लिम्बूको निधनप्रति दुःख प्रकट गर्दै घटनाबारे सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गर्ने, शहीद घोषणा र पीडित परिवारलाई राहत प्रदान गर्न आवश्यक पहल गर्ने तथा प्रादेशिक नामकरणको विषयमा राजनीतिक तहमा वार्ता र संवादको माध्यमबाट समस्या समाधान गर्न सकिने बताउनुभएको थियो ।

# तीन वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने रास्वपाको निर्णय

काठमाडौं, ११ चैत (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी वैशाख १० मा हुन लागेको उपनिर्वाचनमा तीन वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने निर्णय गरेको छ ।

पार्टीको शुक्रबार बसेको केन्द्रीय समितिको बैठकले तनहुँ १, चितवन २ र बारा २ मा उम्मेदवारी दिने निर्णय गरेको उपसभापति डोलप्रसाद अर्यालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “तीनवटै निर्वाचन क्षेत्रमा गठबन्धन बिना उम्मेदवार दिने निर्णय भएको छ । ”

बैठकले निर्वाचन क्षेत्रको संयोजकसमेत तोकेको छ । चितवन-२मा उपसभापति डोलप्रसाद अर्याल, तनहुँ-१ मा सहमहामन्त्री कविन्द्र बुर्लाकोटी र बारा-२मा केन्द्रीय सदस्य गणेश कार्की संयोजक तोकिएको हो । बैठकमा पार्टीको विभागीय जिम्मेवारी बाँडफाँटका विषयमासमेत छलफल भएको उपसभापति अर्यालले बताउनुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# न्यूनपोषण र अधिक पोषणको अवस्थामा सुधार्न आग्रह

काठमाडौं, ११ चैत (रासस) ।
नेपालमा पोषणसम्बन्धी कार्यक्रम तथा सेवाहरू सञ्चालन हुँदै आए पोषणको पर्याप्तता नभएको पाइएको छ ।

नेपालमा बालपोषणको अवस्था चुनौती र सरोकारवालाको भूमिका तथा बालपोषणको अवस्था पुस्तिका सार्वजनिक गर्न शुक्रबार आयोजित कार्यक्रममा सहभागी सरोकारवालाले महिला, बालबालिका तथा किशोर किशोरीका लागि पोषणको व्यवस्था गर्न बजेट बढाउन सुझाव दिएका छन् ।

जागृति बाल तथा युवा सरोकार नेपालले तयार पारेको "नेपालमा बाल पोषणको अवस्था २०७९" सार्वजनिक गर्दै उक्त राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कुपोषण कम गर्नका लागि सचेतनाको खाँचो रहेको बताउनुभयो । कुपोषणमुक्त समाज, बालबालिका राष्ट्रिय गौरवको आधार भन्ने नाराका साथ सुरु गरिएको कार्यक्रममा सुनौलो हजार दिनमा नै समग्र मानिसको विकासको आधार रहने भएकाले यसबारे गम्भीर भएर सोच्नुपर्ने उहाँको भनाइ छ ।

पुस्तकमा सुझाव दिइएअनुसार पोषणको अवस्था बढाउनका लागि स्थानीय तहले ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रिय योजना आयोगका सहसचिव डा किरण रुपाखेतीले 'नेपालमा बालबालिका पोषणको अवस्था' प्रस्तुतीकरण गर्दै मधेस प्रदेशमा पाँच वर्षमुनिका बालिबालिकामा पोषणको अवस्था निकै कम देखिएको बताउनुभयो । नेपालमा जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ ले मधेस प्रदेशमा २९ प्रतिशत बालबालिकामा पुड्कोपन, १० प्रतिशतमा ख्याउटेपन, २७ प्रतिशतमा कम तौल र ५१ प्रतिशतमा रक्त अल्पता भएका पाइएको छ । बागमती प्रदेशमा भने अरु प्रदेशको तुलनामा पोषणको अवस्थामा राम्रो देखिएको छ ।

सन् २००१ मा गरिएको अध्ययनले पोषणको कमीका कारण पाँच वर्ष मुनिको बाल मृत्यु दरप्रति १००० मा ९१ रहेकोमा सन् २०२२ मा घटेर ३३ पुगेको छ । यस्तै जन्मेको एक वर्षभित्र शिशुको मृत्यु ( प्रति १००० जीवित जन्ममा) सन् २००१ मा ६४ रहेकोमा सन् २०२२ मा २८ रहेको छ । जन्मेको २८ दिनभित्रको शिशुको मृत्यु (प्रति १००० जीवित जन्ममा) सन् २००१ मा ३९ रहेकोमा सन् २०२२ मा २१ छ ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्कअनुसार नेपालमा पाँच वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको दर उच्च छ भने ख्याउटेपन र कम तौलको दर मध्यम छ । राष्ट्रिय मानव अधिकार आयोगका लिली थापाले सामाजिक सुरक्षा भत्ता कति र कहिलेसम्म भन्ने विषयमा समीक्षा गर्नुपर्ने दिन आएको विभिन्न अनुसन्धानात्मक सुझाव आएको बताउनुभयो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव यमलाल भुसालले भएका कानुनको कार्यान्वयनका अवस्थाको मूल्याङ्कन गरी राखिएको र बालबालिकाका विषय अन्तरमन्त्रालय सरोकारको विषय रहेको भन्ने विषयमा आफ्नो भनाइ राख्दै सबै कार्य योजना बनाएर जिम्मेवारीसहित काम बाँडफाँट गरिएको बताउनुभयो ।

प्लान नेपालको सहयोगमा आयोजित कार्यक्रममा जागृति युवा तथा बाल सरोकार नेपालका अध्यक्ष तिलोत्तम पौडेलले कुपोषणको समस्या समाधान गर्न नागरिक समाजको महत्वपूर्ण भूमिकामा जोड दिनुभयो । सङ्घीय मामिला तथा सामान्य मन्त्रालयका उपसचिव रेशम कँडेल, स्वास्थ्य मन्त्रालयको पोषण शाखा प्रमुख लिला विक्रम थापाले सरकारले बहुक्षेत्रीय पोषण कार्यक्रम लागू गरिराखेको र विभिन्न निकायसँग समन्वय गरेर काम भइरहेको कुरा जानकारी गराउनुभएको थियो ।

गैरसरकारी संस्था महासङ्घका महासचिव अर्जुन भट्टराईले नेपालीसँग भएको उत्पादनलाई प्राथमिकता दिन जरुरी रहेको बताउनुभयो । बाल अधिकारकर्मी तारक धितालले पोषणमा लगानी गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा ७५ वटा नागरिक सङ्घसंस्था १२ विभिन्न राष्ट्रिय सञ्जाल १७ विकासका साझेदार संस्था १५ सरकारी निकाय, सञ्चारकर्मीसहित एक सय २० जनाको सहभागिता थियो ।

# भित्तेपात्रो स्वीकृति लिन पञ्चाङ्ग निर्णायक समितिमा भिड

काठमाडौं, ११ चैत (रासस) ।
नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यालय नारायणहिटी दरबार क्षेत्रमा नयाँ वर्ष २०८० को भित्तेपात्रोको स्वीकृति लिनेको भीड बढ्न थालेको छ ।

समितिको स्वीकृति नलिई प्रकाशन गरिने भित्तेपात्रो ( क्यालेण्डर) र पात्रो (पञ्चाङ्ग)का सञ्चालकलाई रु १० हजारदेखि रु एक लाखसम्म कारबाही गर्ने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समितिको आन्तरिक दिग्दर्शन, २०७९ स्वीकृत गरेपछि स्वीकृति लिनेको भिड लागेको हो । विधिसम्मतरूपमा प्रकाशन नहुने भित्तेपात्रो र पात्रोका सञ्चालकलाई कानुनी कारबाही गर्ने निर्णय समितिले गरेको छ ।

समितिको निर्णयपछि हालसम्म तीन सयभन्दा बढी भित्तेपात्रोले स्वीकृति लिएको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो । स्वीकृतिका लागि कार्यालयमा आउनेभन्दा अनलाइनबाट फाराम भर्नेको सङ्ख्या धेरै छ ।

मन्त्रिपरिषद्ले विसं २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गरी नेपाल राज्यभरबाट प्रकाशन हुने पात्रो र भित्तेपात्रोको स्वीकृति दिने अधिकार समितिलाई दिएको थियो । गठन आदेश सरकारले २०७८ साउनमा नेपाल राजपत्रमा प्रकाशन गरेको थियो ।

समितिको स्वीकृति नलिई प्रकाशन हुने पात्रो र भित्तेपात्रोको अनुगमन गर्न मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिव डा सुरेशसुरस श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय केन्द्रीय अनुगमन समिति गठन गरिएको छ । समितिमा गृह मन्त्रालय, संस्कृति मन्त्रालय, समिति र पञ्चाङ्गकारका तर्फबाट प्रतिनिधिको प्रतिनिधित्व छ । समितिले आवश्यकतानुसार उपसमिति पनि गठन गर्न सक्ने व्यवस्था दिग्दर्शनमा गरिएको छ । दिग्दर्शनमा विद्युतीय पात्रो र भित्तेपात्रोले पनि समितिको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । अनुगमनका क्रममा स्वीकृति नलिएको पाइएमा कानुनअनुसार विद्युतीय पात्रो र भित्तेपात्रोलाई पनि कारवाही गरिने समितिका कार्यकारी निर्देशक ढुङ्गेलले बताउनुभयो ।

अनुगमन समितिले अनधिकृतरूपमा ७७ जिल्लाबाटै प्रकाशन हुने पात्रो र भित्तेपात्रोको अध्ययन गरी सूचना सङ्कलन गर्ने भएको छ । यसका लागि संस्कृति मन्त्रालयले गृह मन्त्रालयमार्फत ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई परिपत्र गर्ने तयारी गरेको छ । समितिको स्वीकृति लिएर १५ वटा पात्रो भने गत माघमै प्रकाशन भइसकेका छन् । पात्रो प्रकाशन भएपछि त्यसलाई सारेर भित्तेपात्रो निकाल्ने तर समिति र आधिकारिक पञ्चाङ्गकारसँग समन्वय नगर्ने गरेकाले सरकारले गठन आदेश जारी गरी स्वीकृति लिनुपर्ने व्यवस्था गरेको हो ।

# सगरमाथा आरोहण अनुमति सुरु

काठमाडौं, ११ चैत (रासस) ।
यस वर्षको वसन्तकालीन याममा सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि शुक्रबारदेखि आरोहण अनुमति दिन सुरु गरिएको छ ।

पर्यटन विभागका अनुसार यो वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि पहिलो १५ जनाको आरोही समूहले आरोहण अनुमति लिएको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले सगरमाथा आरोहणमा जाने पहिलो आरोही समूहको टिमलिडरलाई आरोहणको अनुमति दिएको पर्यटन विभागले जनाएको छ । विभागको पर्वतारोहण शाखाका निर्देशक युवराज खतिवडाले वसन्तकालीन यामका लागि सगरमाथा आरोहण गर्न शुक्रबार पहिलो आरोहण अनुमति जारी गरिएको बताउनुभयो । उहाँका अनुसार आरोहण अनुमति लिनेमध्ये १० पुरुष र पाँच महिला छन् । उनीहरू अष्ट्रेलिया, चीन, जर्मनी, हङगेरी, सिङ्गापुर, दक्षिण अफ्रिका, थाइल्याण्ड, अमेरिकाका नागरिक हुन् ।

सगरमाथाको एकसहित शुक्रबारसम्म अन्य विभिन्न हिमाल आरोहणका लागि १० आरोही समूहले अनुमति लिएको विभागका निर्देशक खतिवडाले जानकारी दिनुभयो । विभागका अनुसार वसन्तकालीन याममा विभिन्न हिमालका लागि धमाधम आरोहण अनुमति जारी भइरहेको छ । सगरमाथाबाहेक अन्य हिमाल आरोहणका लागि हालसम्म ५३ जनाले अनुमति लिएका छन् ।

आरोहीहरूले सुर्मा सरोवर, अन्नपूर्ण, पाङ्ग्री गोलदुम्बा, मनास्लु, थोराङपिक हिमाल आरोहण अनुमति लिएका छन् । अनुमति लिनेमध्ये ३६ पुरुष र १७ महिला छन् । यो वर्षको वसन्तकालीन यामका लागि यही चैत ३ देखि आरोहण अनुमति दिन सुरु गरिएको थियो । वैशाखको तेस्रो सातादेखि सगरमाथा आरोहण सुरु हुन्छ ।

वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो सिजनमा सगरमाथा आरोहणका लागि उल्लेख्य सङ्ख्यामा विदेशी आउँछन् । सगरमाथालगायत अन्य हिमाल आरोहणका लागि अहिले आरोहण अनुमति लिएर आरोही गन्तव्यतिर निस्किएका छन् ।

## विश्व समाचार

### 'भारतको आवज विश्वभर सुनिनेछ'

नयाँदिल्ली, ११ चैत (रासस/एएनआई) ।
भारतका विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताका साथै सञ्चार माध्यमले भारतको आवज अब विगतको भन्दा अझ चासो दिएर अन्तरराष्ट्रिय समुदायले सुन्ने बताएका छन् ।

सुरतको अदालतले मानहानि मुद्दामा दुई वर्ष जेल सजाय सुनाएको भोलिपल्ट संसद्को तल्लो सदनको कार्यालयले विपक्षी दलका नेता राहुल गान्धीको सांसद पद खारेज गरिएको घोषणा गरेको सन्दर्भमा उनीहरूले भारतप्रति विश्वको चासो बढ्ने बताएका हुन् ।

राजनीतिक दलका नेता तथा सञ्चारमाध्यमले गान्धीलाई जानाजान मानहानि मुद्दामा दोषी ठहर गरिएको आरोप लगाएका छन् । कांग्रेस नेता शशी थरुरले गान्धीको आवाज सत्तारुढ दलले दबाउन खोजे पनि उहाँको आवाज अब संसारका कुना-कुनामा पुग्ने बताउनुभएको छ ।

राष्ट्रिय राजधानीस्थित पार्टी मुख्यालयमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै कांग्रेस नेता अभिषेक मनु सिंघवी र जयराम रमेशले भाजपा नेतृत्वको सरकार राहुल गान्धीको टिप्पणीबाट विचलित भएको बताउनुभयो ।

गान्धीविरुद्धको मुद्दा कानुनीभन्दा पनि राजनीतिक विषय भएका बताउँदै नेता रमेशले न्यायालयको निर्णयबाट लोकतन्त्रको घाँटी थिच्ने अभीष्टलाई सहयोग पुगेको बताउनुभयो ।

नेता गान्धीका वकिलहरूले समयमै उचित कानुनी प्रक्रिया अवलम्बन नगरिएको बताउँदै उनीहरूले गान्धीको भाषण प्रधानमन्त्री नरेन्द्र मोदीप्रति लक्षित भएकाले उजुरीकर्ता पुर्नेश मोदी नभई प्रधानमन्त्री मोदी हुनुपर्थ्यो भनेका छन् ।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले 'चोर मोदीहरू' भन्नुभएको थियो । उहाँले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भन्नुभएको थियो ।

नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवम् गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरुद्ध मुद्दा दायर गर्नुभएको थियो ।

अदालतको फैसला सुन्न नेता गान्धी सुरत अदालत पुग्नुभएको थियो । "मेरो धर्म सत्य र अहिंसामा आधारित छ । मेरो भगवान् सत्य हो, अहिंसा यसलाई प्राप्त गर्ने माध्यम हो," अदालतको आदेशपछि सामाजिक सञ्जालमा महात्मा गान्धीलाई उद्धृत गर्दै राहुल गान्धीले हिन्दीमा लेख्नुभएको थियो ।

त्यसयता नेता गान्धीले कुनै प्रतिक्रिया दिनुभएको छैन । नेता गान्धी दक्षिणी राज्य केरेलाको वायानाड राज्यबाट सांसद निर्वाचित हुनुभएको थियो ।

यसैबीच नेता गान्धीको सांसद पद खारेज भएकामा त्यसको विरोध गर्दै महाराष्ट्रमा विरोध प्रदर्शन भएको छ । महाराष्ट्र राज्यसभामा मुखमा कालोपट्टी बाँधेर नेताहरुले मौन विरोध प्रदर्शन गरेका हुन् ।

राज्यसभा भवनको सिँढीमा शिवसेनाका नेता उदय ठाक्रे, आदित्य ठाक्रे र कांग्रेसका नेता जयन्त पाटिललगायत बसेका थिए ।

### लोकतन्त्रका निम्ति निरन्तर लड्ने गान्धीको प्रतिबद्धता

नयाँदिल्ली, ११ चैत (रासस एएफपी) ।
भारतका प्रतिपक्षी दलका नेता राहुल गान्धीले लोकतन्त्रका निम्ति निरन्तर लडिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । देशको लोकतन्त्रको रक्षाका लागि त्यो अपरिहार्य भएको बताउनुभयो ।

आज यहाँ भएको पत्रकार सम्मेलनमा उहाँले संसद् सदस्य हुनु र नहुनुमा कुनै अन्तर नभएको उल्लेख गर्दै वेथितिविरुद्धको आफ्नो सङ्घर्ष जारी रहने बताउनुभयो ।

प्रधानमन्त्री नरेन्द्र मोदीका प्रमुख व्यापारिक सहयोगीमाथि आफूले छानबिनको माग गरेपछि घुमाउरो पाराले आफूलाई संसद्बाट निष्काशन गरिएको बताउँदै उहाँले सुरत अदालतको निर्णयबाट आफू विचलित नभएको बताउनुभयो । आफू जस्तोसुकै धम्कीबाट नझुक्ने र नडराउने बताउँदै उहाँले प्रधानमन्त्री र व्यापारी गौतम अडानीबीचको सम्बन्धबारे प्रश्न गर्न कहिल्यै पछि नपर्ने दृढता व्यक्त गर्नुभयो । उहाँहरूको सम्बन्धको छानबिन हुनैपर्ने उहाँले दोहोऱ्याउनुभयो ।

सन् २०१९ मा कर्नाटक राज्यको कोलारमा आयोजित चुनावी सभामा नेता गान्धीले 'चोर मोदीहरू' भन्नुभएको थियो । उहाँले भगौडा व्यापारी नीरब मोदी र ललित मोदीलाई लक्ष्य गर्दै त्यसो भन्नुभएको थियो । नेता गान्धीको उक्त अभिव्यक्तिले मोदी थर भएका सबैको मानहानी भएको जिकिर गर्दै भारतीय जनता पार्टी (भाजपा)का विधायक एवम् गुजरात राज्यका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरुद्ध मुद्दा दायर गर्नुभएको थियो ।

गत शनिबार अदालतले मानहानी मुद्दामा दोषी ठहर गर्दै गान्धीलाई दुई वर्षको जेल सजाय सुनाएको भोलिपल्ट उहाँलाई संसद्बाट समेत हटाइएको हो ।

आलोचकहरूले विपक्षी र अधिकारकर्मीहरुलाई दबाउन मोदी सरकारले कानुन प्रयोग गरेको आरोप लगाएका छन् ।

गान्धीलाई संसद्बाट हटाइको विरोधमा भारतका विभिन्न शहरमा आज विरोध प्रदर्शन भएका थिए ।

# चैती छठ पर्व सुरु

**दैनिक समाचारदाता**
**राजविराज, ११ चैत ।**

श्रद्धा र निष्ठापूर्वक मनाइने चैती छठ पर्वको विधि शनिबारदेखी सुरु भएको छ ।

चैत शुक्ल चतुर्थी (चौथी) देखि सप्तमीसम्म चार दिन विभिन्न विधिसाथ मनाइने पर्वको पहिलो दिन शनिबार बर्तालुले ‘नहाय-खाय’ (पवित्र स्नान गरेर शुद्ध खाने) विधिबाट पर्व प्रारम्भ गर्दैछन् । पर्वको पहिलो दिन पवित्र स्नान गरेर व्रत सङ्कल्प गरी चोखोनीतो खाने चलन छ ।

शरद र वसन्त ऋतुमा गरी वर्षमा दुईपटक मनाइने छठ सूर्य उपासनाको पर्व हो । शरद ऋतुमा कात्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म समान विधिले यो पर्व सम्पन्न गरिन्छ । मधेस प्रदेशको प्राचीन मिथिला क्षेत्रमा छठ जनजन परिचालन हुने महापर्व मानिन्छ । यद्यपि शारदीय छठ जति यो पर्व मनाउने भने देखिदैनन् ।

पर्वको पहिलो दिन ‘नहाय-खाय’, दोस्रो दिन दिनभरि उपवास बसेर राति सख्खरमा पकाइएको खिरमात्र खाएर ‘खरना’, तेस्रो दिनअर्थात् षष्टि तिथिमा निराहार उपवास बसेर साँझ अस्ताउँदा सूर्यलाई पवित्र जलाशयको घाटमा कम्मरसम्म पानीमा चोवलिएर अर्घ्य दिइन्छ, जसलाई ‘सभ्फुका अरख’ भनिन्छ । अन्तिम दिन सप्तमीका दिन बिहान उदाउँदा सूर्यलाई घाटमै अर्घ्य दिएर पर्व सम्पन्न गरिन्छ । यो विधिलाई ‘भोरका अरख’ र ‘पारन’ पनि भनिन्छ ।

छठ पर्वमा ठकुवा, भुसुवा (कसार)सहितका मिष्ठान्न परिकारसहित पाकेका केराको घरी र अन्य फलफूल तथा दहीसहितका सामग्री बर्तालुले अर्घ्यका बेला सूर्यतर्फ देखाउने गर्छन् । छठ सूर्य र सूर्यपत्नी षष्टीको उपासनाको पर्व हो । यो व्रतको प्रभावले हरेक मनोकाङ्क्षा पूरा हुने विश्वास गरिन्छ । व्रत प्रभावले छालाजन्य रोग कहिल्यै नलाग्ने जनविश्वास छ ।

चैती छठ सुरु हुनपूर्व चैत शुक्ल प्रतिपदासँगै वासन्ती नवरात्र (चैते दसैं) पनि सुरु भएको छ । चैत शुक्ल प्रतिपदादेखि नवमीसम्म वासन्ती नवरात्र मनाइन्छ ।

# पत्रकार महासंघले थाल्यो सदस्यता शुद्धिकरण अभियान

**राजविराज**/नेपाल पत्रकार महासंघ शाखा सप्तरीले ‘सदस्यता शुद्धिकरण अभियान २०७९’ थालनी गर्ने निर्णय गरेको छ ।

शाखाको शनिबार बसेको बैठकले उक्त निर्णय गर्दै पत्रकारितामा निस्क्रिय रहेका तथा राजनीतिक दलमा आबद्ध रही महासंघको सदस्यसमेत रहेकाहरुको सम्बन्धमा आवश्यक अनुसन्धानका लागि शाखाका उपाध्यक्ष बैद्यनाथ यादवको संयोजकत्वमा तीन सदस्यीय सदस्यता अनुसन्धान समिति समेत गठन गरेको छ ।

सो समितिको सदस्यहरुका सहसचिव गोपालप्रसाद गुप्ता र सदस्य कृष्णकुमार मण्डल रहेका छन् । समितिलाई एक साताभित्र कार्यसमितिमा प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान समेत गरिएको छ ।

महासंघका सपभाति श्रवण कुमार देव र सचिव रामनारायण विश्वासद्वारा जारि विज्ञप्तिमा शुद्धिकरण अभियानमा अन्तर्गत पत्रकारितामा नरहेका तर महासंघको सदस्यता कायम भएकाहरु तथा पत्रकारिता गर्दागर्दै राजनीतिक दलमा आबद्ध भएकाहरुले स्वेच्छिकरुपमा अविलम्ब सदस्यता त्याग गरेमा शाखाले मानार्थ सदस्यताकासाथ स-सम्मान विदाई गर्ने अन्यथा केन्द्र सर्कुलर बमोजिम भई जाने उल्लेख छ ।

सोही बैठकले २०७८ र २०७९ सालको सदस्यता नवीकरण गर्न २०७९ साल चैत २१ गतेसम्मको अन्तिम म्याद प्रदान गर्ने निर्णय गर्दै शाखाको साधारण सभा आगामी २०८० बैशाख २५ गते गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ ।

# दुईवटा ट्रक ठोक्किँदा तीनजनाको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, ११ चैत ।**

धनुषाको मिथिला नगरपालिका ३ हरिहरपुरमा शनिबार बिहान दुईवटा ट्रक एकापसमा ठोक्किएर दुर्घटना हुँदा तीनजनाको घटनस्थलमै मृत्यु भएको छ ।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना६ख ६५७८ नंको ट्रक र विपरीत दिशातर्फ जाँदै गरेको प्रदेश १-०१-००१ख ९२९२ नंको ट्रक एकापसमा ठोक्किएर दुर्घटना हुँदा सुनसरीका २८ वर्षीय चालक सागर चौधरी, सहचालक अर्जुन चौधरी र मोरङका ४४ वर्षीय लोकमान श्रेष्ठको मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा सर्लाहीका २० वर्षीय नारायण श्रेष्ठ घाइते भएका छन् । घाइतेको ढल्केवर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## *छिमेकीको घरमा ...*

यादवको घरमा आगजनी गरी सोही वडाका २ र अर्को वडाका १ गरी तीन जना फरार भएको प्रहरीले जनाएको छ ।

फुँसको संरचना भएको यादवको घरमा गरिएको आगजनीबाट १५ हजार नगदका साथै खाद्यन्न लत्ताकपडा लगायतका सरसमान जलेर कुल ९९ हजार २ सय मूल्य बराबरको सम्पत्ति नष्ट भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार विहान ३ बजेतिर सोही वडाका बीरेन्द्र यादव, उनको पत्नी रन्जु कुमारी यादव र वडा १० निवासी रामविलास यादव मिलेर आगो लगाएको भनी स्थानीयले खबर गरेपछि प्रहरी टोली परिचालित गरिएको थियो ।

आगजनी गर्दै गरेको देखेका स्थानीयले हो-हल्ला गरेपछि उनीहरु फरार भएको र खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । कुनै पुरानो रिसइबीले त्यसको घटना गराएको हुन सक्ने स्थानीयले अनुमान व्यक्त गरेका छन् । प्रहरी र स्थानीयको सहयोगमा एक घण्टाको प्रयासपछि आगोमाथी नियन्त्रण कायम गरिएको तथा घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## *दाहसंस्कारको तयारी ...*

भएकाले किनेर ल्याइदिदा अस्पताललाई थप आर्थिक भार बढ्दै गएकाले बालकले बसोवास गरिरहेका पालिका तथा अन्य दाताहरुलाई सहयोगका लागि अनुरोध गरिएको समेत बताए ।

यता वडा अध्यक्ष तेजनारायण यादवले अस्पतालले अहिलेसम्म गरेको सहयोग अत्यन्तै सराहनीय रहेको बताएका छन् । उनले भने -१२ लाख त सम्भव छैन, तर गाउँपालिकाबाट औषधी खर्च सम्म अस्पताल प्रशासनलाई बुझाउने गरी आवश्यक पहल थालेका छौ । उनले पनि गरिब परिवारका अजयको उपचार खर्चमा सहयोग गर्न दाताहरुलाई आग्रह गरेका छन् ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं।

- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं।
- ग्याँस सिलिण्डर लिंदा सिल भए/नभएको तथा सिलिण्डरको समायवधि अनिवार्यरुपमा हेर्ने गरौं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*